# प्रेस विज्ञप्ति

माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेलज्यूसँग आज मिति २०७६ फागुन १४ गते उहाँकै कार्यकक्षमा नेपालका लागि संयुक्त अरब इमिरेट्सका महामहिम राजदूत **H.E. Mr. Saeed Hamdan Al-Naqbi** र **Emiraty Military Delegation** का प्रतिनिधि मण्डलका सदस्यहरूले शिष्टाचार भेट गर्नुभयो ।

माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूले संयुक्त अरब इमिरेट्सका महामहिम राजदूत तथा संयुक्त अरब इमिरेट्सका सैनिक प्रतिनिधि मण्डललाई आफ्नो कार्यकक्षमा स्वागत गर्दै नेपाल र संयुक्त अरब इमिरेट्सबीच लामो समयदेखि घनिष्ठ एवं मैत्रीपूर्ण सम्बन्ध रहेको र यो सम्बन्ध आगामी दिनमा अझ प्रगाढ बन्दै जाने विश्वास व्यक्त गर्नुभयो । उहाँले संयुक्त अरब इमिरेट्ससितको सम्बन्धलाई नेपालले उच्च प्राथमिकतामा राखेको र नेपालमा संयुक्त अरब इमिरेट्स लगायतका मुलुकका उद्यमी व्यवसायीहरूको लगानीलाई प्रवर्द्धन गर्न सरकार सकारात्मक रहेको कुरा बताउनु भयो । नेपालमा विदेशी लगानीमा सञ्चालित हुने ठुला परियोजनाहरू सामान्यतः लगानी बोर्ड मार्फत आउने नीति रहेको कुरा उल्लेख गर्दै संयुक्त अरब इमिरेट्सले नेपालमा लगानी भित्र्याउन खोजेका विषयमा लगानी बोर्डसँग छलफल तथा समन्वय गरी प्रक्रिया अघि बढाउन सकिने विचार उहाँले व्यक्त गर्नुभयो । उहाँले दुई देशबीच प्राविधिक तहमा छलफल गरी कुन क्षेत्रमा के कस्तो मोडालिटीमा लगानी भित्र्याउने हो तय गर्न उपयुक्त हुने कुरा वार्ताका क्रममा राख्नुभयो । भेटघाटको क्रममा माननीय उपप्रधानमन्त्रीज्यूले संयुक्त अरब इमिरेट्समा ठूलो संख्यामा नेपाली कामदारहरू रहेको कुरा उल्लेख गर्नुहुँदै नेपाली श्रमिकहरूको उचित व्यवस्थापनका लागि दुई देशबीच पारस्परिक सहमतिमा विशेष प्रबन्ध मिलाउन आवश्यक रहेको कुरा औंल्याउनुभयो । नेपालले सन् २०२० लाई नेपाल भ्रमण वर्षको रूपमा मनाइरहेको कुरा उल्लेख गर्नुहुँदै माननीय उपप्रधानमन्त्रीज्यूले यस क्रममा दुई देशका सेनाहरूबीच विभिन्न क्षेत्रमा सहकार्य गर्न सकिने कुरा उल्लेख गर्नुभयो ।

भेटघाटका क्रममा संयुक्त अरब इमिरेट्सका महामहिम राजदूत **H.E. Mr. Saeed Hamdan Al-Naqbi** ले संयुक्त अरब इमिरेट्स र नेपाल लामो समयदेखि अत्यन्त असल मित्रको रूपमा रहेको चर्चा गर्दै संयुक्त अरब इमिरेट्सका लगानीकर्ताहरू नेपालमा जलस्रोत, खानेपानी लगायतका क्षेत्रमा लगानी गर्न इच्छुक रहेको कुरा बताउनु भयो । संयुक्त अरब इमिरेट्समा ठूलो संख्यामा नेपाली कामदारहरू रहेको र तिनले हालका दिनमा सुरक्षा, निर्माण तथा सेवा क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याइरहेको कुरा व्यक्त गर्दै महामहिम राजदूतले नेपाली श्रमिकहरूको उचित व्यवस्थापनका लागि नेपालसँग सहकार्य गर्न आफ्नो सरकार सकारात्मक रहेको कुरा व्यक्त गर्नुभयो । भेटघाटका क्रममा महामहिम राजदूतज्यू र प्रतिनिधिमण्डलका सदस्यहरूले संयुक्त अरब इमिरेट्सको सेना र नेपाली सेनाबीच विभिन्न क्षेत्रमा सहकार्य गरी द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउन सकिने विचार व्यक्त गर्नुभयो ।

शिष्टाचार भेटका अवसरमा रक्षा मन्त्रालय तथा परराष्ट्र मन्त्रालयका प्रतिनिधिहरूको समेत उपस्थिति थियो ।

(सन्तबहादुर सुनार)
सह-सचिव एवं प्रवक्ता

**रक्षा मन्त्रालय,**
सिंहदरबार, काठमाण्डौं
१४ फागुन, २०७६